बैठक संख्या : ०८२/०८३/४

आज मिति २०८२/०६/०२ गते बिहिबारका दिन यस माथागढी गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर चिदी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान :११.०० बजे ।

स्थान : गाउँ कार्यपालिका भवन, झडेवा, पाल्पा ।

उपस्थिति :

| सि.न. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री यम बहादुर चिदी | अध्यक्ष | |
| २. | श्री विष्णु माया लुङ्गचे | उपाध्यक्ष | |
| ३ | श्री राजकुमार पन्थी | सदस्य | |
| ४. | श्री बोम बहादुर ठाडा | सदस्य | |
| ५. | श्री तेज बहादुर घर्ति मगर | सदस्य | |
| ६ | श्री शंकर दर्लामी | सदस्य | |
| ७. | श्री गणेशमान गाहा | सदस्य | |
| ८. | श्री युव बहादुर ठाडा मगर | सदस्य | |
| ९. | श्री जग बहादुर दर्लामी | सदस्य | |
| १०. | श्री दिल बहादुर ढेगा | सदस्य | |
| ११. | श्री तुलसा न्यौपाने | सदस्य | |
| १२. | श्री मगली कुमाल | सदस्य | Manyali |
| १३. | श्री रुकुमी सुनारी | सदस्य | |
| १४. | श्री लिला सरा चिदी | सदस्य | |
| १५. | श्री पुर्ण बहादुर सुनार | सदस्य | |
| १६. | श्री भिम कुमारी परियार | सदस्य | |
| १७. | श्री सुन्दर प्रसाद श्रेष्ठ | सचिव | |
| | आमन्त्रित: | | |
| १८. | श्री जित कुमारी ढेगा | | |
| १९. | श्री धर्मेन्द्र कुमार यादव | ईन्जिनियर | |
| २० | श्री शन्तोष दहाल | लेखा अधिकृत | |
| | | | |
| | | | |

माथागढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय झडेवा, पाल्पा लुम्बिनी प्रदेश, नेपाल

# कार्यपालिकाको चौथो बैठकको निर्णयहरु:-

मिति : २०८२/०६/०२

**प्रस्तावहरु**

१. अघिल्लो वैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा।

२. दशैं मोटरबाटो सरसफाई सम्बन्धमा।

३. आ.व २०८२/०८३ को योजना संचालन सम्बन्धमा।

४. युवा सिप विकास कार्यक्रम सम्बन्धमा।

५. कवाडी ठेक्का व्यवस्थापन सम्बन्धमा।

६. आर्थिक सहयोग सम्बन्धमा।

७. विविध

क. संविधान दिवस सम्बन्धमा

ख. विपद् जोखिम न्युनीकरणका लागि सामग्री खरिद सम्बन्धमा।

ग. विशालु सर्प नियन्त्रण सम्बन्धी तालिम सम्बन्धमा

घ. शोक प्रस्ताव सम्बन्धमा।

**निर्णयहरु**

१. गाउँकार्यपालिकाको यस अघिको वैठकबाट भएका निर्णय कार्यान्वयन सम्बन्धमा वैठकमा छलफल गरियो। कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरु शिघ्र कार्यान्वयन गर्ने गराउने सर्वसम्मतिले गरियो।

२. आ.व २०८२/०८३ मा अविरल बर्षाको कारण अवरुद्ध भएको सबै वडाको मोटरबाटो सरसफाई गरी सुचारु गर्न सम्बन्धीत वडाका प्राविधिकद्वारा लागत स्टीमेट गराई सरसफाई गर्न वडा नं. १, २, ३, र ४ को हकमा रु.१ लाख रकमको लागतमा दशैं मोटरबाटो सरसफाई शिर्षकबाट भुक्तानी दिने गरी अमानतमा काम गराउने जिम्मेवारी श्री ई.धर्मेन्द्र यादवलाई तोक्ने सर्वसम्मतिले निर्णय गरियो र वडा नं.५,६,७ र ८ मा कार्यलयको डोजर प्रयोग गरी काम गराउने जिम्मेवारी भौतिक तथा पूर्वाधार विकास समितिका संयोजक श्री शंकर बहादुर दर्लामीज्यूलाई जिम्मेबारी तोक्ने सर्वसम्मतिले निर्णय गरियो।

३. आ.व २०८२/०८३ को योजना तथा कार्यक्रमहरु समयमै सम्झौता गरी सुरुवात गर्ने र उपभोक्ता समितिका पदाधिकारीहरुको अभिमुखिकरण गर्न बाँकी वडाहरुमा असोज मसान्त सम्ममा सम्पन्न गर्ने सर्वसम्मतिले निर्णय गरियो।

४. आ.व २०८२/०८३ मा युवा सिप विकास तर्फ विनियोजित बजेटबाट सबै वडाका युवा समावेस हुने गरी मोटर डाईभिङ्ग तालिम संचालन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

५. यो आ.व.मा कवाडी जन्य वस्तुहरुको व्यवस्थापनका लागि दुई पटक ठेक्का आह्वान गरिएकोमा ठेक्का नपरेको हुनाले पुनः एक पटक रु.२ लाख न्युनतम अङ्क कायम गरी ठेक्का आह्वान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

६. अविरल वर्षाको कारणले घर आंसिक क्षति पुगेका व्यक्तिलाई विपद व्यवस्थापन कोषबाट राहत तथा आर्थिक अवस्था कमजोर भई जटिल प्रकारको रोगबाट पिडित भएका व्यक्तिहरुलाई देहाय बमोजिम आर्थिक सहायता उपल्बध गराउने सर्वसम्मतिले निर्णय गरियो।

| क्र.स | नाम, थर | ठेगाना | विवरण | रकम |
|---|---|---|---|---|
| १ | उमा वि.क | वडा नं.१ | घरमा क्षति भएको | रु.१०००० |
| २ | हरि बहादुर सारु | वडा नं.१ | घर अगाडीको आँगन | रु.१०००० |
| ३ | भीम बहादुर दर्लामी | वडा नं.१ | पक्षघात रोग | रु.१०००० |
| ४ | बाटुलि कुमारी थापा | वडा नं.१ | बिरामी उपचार खर्च | रु.१०००० |
| ५ | खिन्तविर बराल | वडा नं.४ | घरमा क्षति भएको | रु.१०००० |
| ६ | पयारी कामी | वडा नं.४ | घरमा क्षति भएको | रु.१०००० |

७. विविध

क. संविधान दिवस २०८२ को अवसरमा असोज ३ गते वेलुका माथागढी गाउँपालिका तथा सबै वडा कार्यालयहरुमा दिप प्रज्वलन गरी मनाउने सर्वसम्मतिले निर्णय गरियो।

ख. विपद् जोखिम न्युनीकरणका लागि गाउँपालिकाका लागि आवश्यक सामाग्रीहरु खरिद गर्ने सर्वसम्मतिले निर्णय गरियो।

ग. माथागढी गाउँपालिका क्षेत्रमा विशालु सर्प नियन्त्रण तथा रेस्कयु तालिम तथा आवश्यक सामाग्री दुई सेट सर्वसम्मतिले निर्णय गरियो।

घ. २०८२ भाद्र २३ र २४ गते देशमा घटेको भ्रष्टाचार विरुद्धको आन्दोलनको क्रममा मृत्यु भएका सबै युवाहरु प्रति भावपूर्ण श्रधाञ्जली व्यक्त गरी शोक प्रस्ताव पारित गर्ने र आन्दोलनको क्रममा घाईते भएका सबै प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्ने सर्वसम्मतिले निर्णय गरियो।

ङ. सामाजिक सुरक्षा भत्ता वितरणका लागि वडा नं.१, २, र ३ मा ग्लोबल आई.एम.ई बैंक सराई शाखा र वडा नं.४, ५, ६, ७, र ८ मा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक झडेवा शाखासँग सम्झौता गर्ने सर्वसम्मतिले निर्णय गरियो।